
# लेखापरीक्षण प्रतिवेदन

# घोराही उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# घोराही उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/638

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दाङ।

### कैफियतसहितको राय

हामीले यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. उपमहानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६० करोड ३ लाख ७९ हजार ,एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४ करोड ८८ लाख १५ हजार,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७ लाख ८९ हजार,गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ७ लाख २५ हजार र सामाजिक विकास कार्यक्रमको रु. ३ लाख ७५ हजार समेत गरी रु. ६५ करोड १० लाख ८३ हजार समावेश गरेको छैन।

२. उपमहानगरपालिकाको रु. ५ अर्व ३ करोड ४५ लाख १३ हजारको लेखापरीक्षण गरिएकोमा रू. ७ करोड २ लाख ७९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २४ लाख ५१ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ६ करोड ७८ लाख २८ हजारमध्ये असुल गर्नुपर्ने रू. २ करोड १८ लाख ४१ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३६ लाख, नियमित गर्नुपर्ने

रु. ३ करोड ११ लाख ५८ हजार र पेस्की बाँकी रु. १२ लाख २९ हजार रहेको छ। गत वर्षसम्म रु. ६८ करोड ९७ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा संपरीक्षणबाट कायम बेरुजु रु. ७९ लाख ८८ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७० करोड २६ लाख ३६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने उपमहानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी घोराही उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, उपमहानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ४२ | १५१ | ७,०२,७९,२२४ | ० | २४ | २४,५१,२१५ | ० | ४२ | १२७ | ६,७८,२८,००८ | २,१८,४०,५८८ | ३,११,५८,१५२ | १,३५,९९,७५४ | ० | ० | ४,४७,५७,९०४ | १२,२९,५१४ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | ६८,९७,६१,००० | ० | ६,२९,४०,५६१ | ६२,६८,२०,४३९ | ७९,८८,०८२ | ६,७८,२८,००८ | ७०,२६,३६,५२९ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८०.2 | सडक विभाग देखि धारापानी जाने सडक | ५,००,००० |
| २ | २०७९/८० | १२६.२ | सटर भाडा | १,००,१२५ |
| ३ | २०७९/८० | ५५.५, ५५.७, ५५.10 | शिक्षा तर्फ | ७,०९,१३१ |
| ४ | २०७९/८० | २५ | लागत सहभागिता | २६,५८७ |
| ५ | २०७९/८० | ४२.२ | भू वहाल | ३५,७०० |
| ६ | २०७९/८० | ६२ | बालमन्दिर आ.वि विशेष शिक्षण संचलान | ७,६८३ |
| ७ | २०७९/८० | ९४ | बढी भुक्तानी | ५,५२६ |
| ८ | २०७९/८० | ६१ | प्रमाण पेश नभएको | ७६,७७,७१६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ८७.१ र ८७.२ | जिल्ला प्रशासन देखि सहिद गेट सडक पिच | १६,५३,४९२ |
| १० | २०७९/८० | ५७ | छात्रवृत्ती | ३,०७,२०० |
| ११ | २०७९/८० | ७५.२ | घोराही चोक देखि गुलरिया पार्कसम्म सडक पिच | २०,००,००० |
| १२ | २०७९/८० | ९१ | घट्टी कार्यसम्पादन जमानत | ८०,५९२ |
| १३ | २०७९/८० | ८२ | घटी पेश्की कट्टी | ४,९६,००० |
| १४ | २०७९/८० | ७७.३ | खैरा कोठरी सडक NCB-06/78-79 | ९,५०,००० |
| १५ | २०७९/८० | १३४.१ र १३४.२ | आन्तिरिक लेखापरीक्षणबाट औल्याईएका व्यहोराहरु | ८,१७५ |
| १६ | २०७९/८० | १२९.३ ,१२९.४ ,१३१.२ र १३३.२ | आन्तरिक लेखापरीक्षणबाट औल्याईएका व्यहोराहरु | ३,१०,३५५ |
| १७ | २०७९/८० | ९२.१ र ९२.२ | NCB-11/77-78 | १०,२७,२४२ |
| १८ | २०७९/८० | ९०.२ | NCB-08/78-79 | २४,००,००० |
| १९ | २०७९/८० | ८३.१ | NCB-08/77-78 | २,३९,४९५ |
| २० | २०७८/७९ | ५० | शैक्षिक गुणस्तर सुद्दढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५१,२९७ |
| २१ | २०७८/७९ | ३२ | विजक भुक्तानी | १०,००० |
| २२ | २०७८/७९ | ३९ | वढी दररेटमा खरिद | ६३,३०५ |
| २३ | २०७८/७९ | ६५.१ र ६५.५ | मू.अ.कर तथा आयकर कट्टी | १,४१,७२४ |
| २४ | २०७८/७९ | ४७ | छात्रवृत्ति बढि निकासा | ५४,४०० |
| २५ | २०७८/७९ | ६६ | आन्तरिक लेखापरीक्षण तर्फ | १५,८७८ |
| २६ | २०७७/७८ | ५४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | ४,१७,००,००० |
| २७ | २०८०/८१ | २२ | पारिश्रमिक कर | ६१,१७६ |
| २८ | २०८०/८१ | २० | पाठ्यपुस्तक खरिद | ८०,४९५ |
| २९ | २०८०/८१ | ३७ | नियमानुसार विल तयार नगरेको | १६,६६,२४६ |
| ३० | २०८०/८१ | १९ | दिवाखाजा | १३,५७९ |
| ३१ | २०८०/८१ | २५.५ | उपमहानगरपालिका चालु तर्फ | ५८,२१५ |
| ३२ | २०८०/८१ | २६.९ | आन्तरिक आयतर्फ | ५,५७,९६० |
| ३३ | २०८०/८१ | १८ | अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी | १३,५४४ |
| ३४ | २०७८/७९ | १३.१ | राजस्व आन्तरिक नियन्त्रण | ७२,१६० |
| ३५ | २०७८/७९ | १७.३ | पेश्की व्यवस्थापन | ५,३०,००० |
| ३६ | २०७८/७९ | १८.२ | पेश्की कट्टा र फिर्ता | ४३,५०० |

| | | | | |
|---|---|---|---|---|
| ३७ | २०७४/७५ | ३० | मु. अ.कर भुक्तानी वेगर प्यान विल बमोजिम | ८६१६ |
| ३८ | २०७५/७६ | २१.४ | निःशुल्क पाठ्यपुस्तक बढी भुक्तानी | १०४९७२ |
| ३९ | २०७५/७६ | २१.५ | छात्रवृत्ति बढी निकासा | १०५१०० |
| ४० | 20७५/७६ | २१.६ | शिक्षकको बढी ग्रेड भुक्तानी | ११६५८२ |
| ४१ | २०७६/७७ | ६२ | श्री युनाइटेड साइन्टिफिक सर्जिकल हाउसबाट असुल भएको | ५७९५ |
| 42 | २०७६/७७ | ६३ | मु अ कर समायोजना प्रमाण पेश | १६१४२५.७३ |
| 43 | २0७६/७७ | ६६ | धरौटी जफत | १७१५०० |
| ४४ | २०७६/७७ | ७७ | पारिश्रमिक कर | १८७६५९ |
| **जम्मा** | | | | ६,५३,९१,७७६ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण बक्यौता नरहेको। | |

# (८०५५६३०१३०० - घोराही उप महानगरपालिका )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधाथिकी ,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले घोराही उपमहानगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकाले संचालन गर्ने कार्यमा सहकारिता,सह-अस्तिव्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता ,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उपमहानगरपालिकाको उद्देश्य रहेको छ। यस उपमहानगरपालिका अन्तरगत १९ वडा, ९ सभा सदस्य, ५२२ वर्ग कि मि क्षेत्रफल, र १५६००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस उपमहानगरपालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८। ०६ देखि २०८१ ।०८। १६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** उपमहानगरपालिकाको आय – व्ययतर्फ रु. ५ अर्व ३ करोड ४५ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षातर्फ रु.३,५०,४३०। - , प्राविधिक ग्रेड बढी भुक्तानी रु ५५,३२८।- र भवन निर्माणको अग्रिम आयकर कट्टा रु ४४,८९२।- गरी जम्मा रु ४,५०,६५३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ. व. को कारोबार | गत आ. व. को कारोबार |
| | | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ४८५८३४६१०.२२ | ४६१८४६११३.२६ |
| १३००० | अनुदान | १०५४५७६३५९.१७ | ११५९९००५५७.५४ |
| १४००० | अन्य राजस्व | १०५२१५५१५.२९ | १०१२२९६७६.८९ |
| १५००० | विविध प्राप्ति | ७११८५४.१५ | ० |
| क | **कुल जम्मा प्राप्ति** | १६४६३३८३३८.८३ | १७२२९७६३४७.६९ |
| ३ | चालु | १०८५६५८६११.५१ | ११६६४२४८६५.९ |
| २१००० | पारिश्रमिक / सुविधा | ६५३३८२८३६.२२ | ६९७५१९४९७.९७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३८०१२७०४५.४९ | ३८९६४७४६१.५३ |
| २५००० | सहायता (Subsidy) | ४०१३७१२५. | ५७६५१४८६.९ |
| २७००० | सामाजिक सुरक्षा | १०७७२३३४.८ | १९४५०२३७.५ |
| २८००० | अन्य खर्च | १२३९२७०. | २१५६१८२. |
| ४ | पूंजीगत | ६६०५१३०७२.७२ | ६५२६२०३१५.३ |
| ३१११० | भवनतथा संरचना | १३४४६७७९४.२९ | ७०७२६८६७.९७ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ११४५११४३.०१ | १८३५३९३३.६ |
| ३११३० | अन्य पूँजीगत खर्च | १५००००० . | ३३१६९३६. |
| ३११४० | सुरक्षा उपकरण | ० | १४४८९८. |
| ३११५० | सार्वजनिक निर्माण | ५०४२५२८६८.८९ | ५४१२१७३८५.१२ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ६३४७९१८.५३ | २०८१८१७.६१ |
| ३११७० | पूँजीगत सुधार खर्च | २२९९०४८. | १६७७८४७७. |
| ३१४१० | जग्गा प्राप्ति खर्च | १९४३००. | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | १७४६१७१६८४.२३ | १८१९०४५१८१.२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -९९८३३३४५.४ | -९६०६८८३३.५१ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ५६३६९३८.९३ | -५३६४७५५.४५ |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | -३६,०७८.०० | -१२२२७६४.६२ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -९४१९६४०६.४७ | -१०१४३३५८८.९६ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २२६२७७६१९.४८ | ३२७७११२०८.४४ |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १३२०८१२१३.०१ | २२६२७७६१९.४८ |

पालिकाबाट प्राप्त विवरण बमोजिम बैङ्क मौज्दात रु १३,२१,१७,२९१।- रहेकोमा सूत्रको एकिकृत आय व्यय विवरणमा रु १३,२०,८१,२१३। रहेको देखिएको छ।फरक रु ३६,०७८।– को सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

३ **वित्तीय विवरणको यथार्थता** -

उपमहानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६०,०३,७९,४७८।- स्वास्थ्य क्षेत्र सुधारको रु ७८८९५३।- गरिवसंग विशेश्वर कार्यक्रमको रु ७,२५,७२५।- सामाजिक विकास कार्यक्रमको रु ३,७५,०००।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४,८८,१५,४५९।- समेत गरी रु. ६५,१०,८४,६१५। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **त्रैमासिक खर्च** -

उपमहानगरपालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्न वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्दछ।पालिकाको शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ। ( रकम रु हजारमा)

| क्र.स | बजेटउपशिर्षक | कुलखर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | ६६०५१३ | २२९२५ | ८९४७७ | १६७२८९ | ३८०८२२ | २१४४०८ |
| **२** | प्रतिशत | १०० | ३.४७ | १३.५४ | २५.३२ | ५७.६५ | ३२.४६ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५७.६५ प्रतिशत तथा आषाण महिनामा ३२.४६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

५ **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडास्तरीय समेत गरी कुल १०३४ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५४८ | ९३ | १६० | २९५ |
| २. | वडास्तरीय | ४८६ | - | ४५ | ४४१ |
| | जम्मा | १०३४ | ९३ | २०५ | ७३६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी

यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८९० योजनामात्र कार्यान्वियन भई १४४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ ।

६ **योजना तथा वजेट कार्यान्वियन -**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

· सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु६६ करोड ३९ लाखको खरिद गुरुयोजना बेगर गरेको छ ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत मिति २०८० को सभाको निर्णयबाट रु. २२ करोड ७१ लाख ४६ हजार संसोधन गरेको छ ।

· कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर उपमहानगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· उपमहानगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु ५० लाख ९७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू ४७ लाख ५६ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनाउनु पर्दछ।

८ **तलवी प्रतिवेदन -**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फका कर्मचारीको र स्वास्थ्य तर्फका कर्मचारीको रु.११,४२,२८,०००।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

९ **दरबन्दी भन्दा बाहिरका करार कर्मचारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका सामाजिक परिचालक पदमा ३२ र सहायक पदमा कर्मचारी करार नियुक्ति गरी रु १,३८,१७,६२६.६५।- तलव भत्ता भुक्तानी गरेको पाइयो। करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,३८,१७,६२६ |

१० **कानुनी तथा प्रेस सल्लाहकार -**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार र १ जना प्रेस सल्लाहकार नियुक्त गरी मासिक रु ४३,६८९।- का दरले चाडपर्व खर्च र पोशाक समेत रु.११,३५,९१४।- पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नुपर्नेमा समावेश नगरी खर्च गरेको नियमसम्मत नदेखिएको खर्च रु

| | |
|---|---|
| अनियमित भएको | ११,३५,९१४ |

११ **नाफामूलक संस्थालाई लगानी –**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६ मा वितरणमूखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्वेश्यले स्थापित संस्थाको लागि लगानी गर्न तथा ती संस्थाहरु मार्फत काम गराउन एवं संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। पालिकाबाट प्राप्त विवरण अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहायका नाफामूलक संस्थाहरुलाई रु ४८,८२,९७०।– खर्च गरेको अनियमित रु

| **संस्था** | **रकम रु** |
|---|---|
| अनुग्रह सुसमाचार मण्डली भवन स्तरोन्नती | ५०००००। |
| रोल्पाली समाजको निर्माणाधिनअधुरो भवन | ६०००००। |
| धर्ना ,साना किसान सहकारी संस्था भवन निर्माण | १५००००। |
| थारू कल्याणकारी सभाको ट्रस्ट निर्माण | ५०००००। |
| नगरपालिका संघ भवन निर्माण | १५०००००। |
| पत्रकार महासंघ | ३०००००। |
| डाङ्डुङ्गे समाजको भवन निर्माण | २९१०००। |
| नेपाल पूर्व प्रहरी संगठन जिल्ला कार्य समिति भवन रंगरोगन | १९२००० |
| दाहाल प्रतिष्ठान पूर्वाधार निर्माण | ३०४९७० |
| सुनौलो भैंसी पालन कृषक समूहको सामुदायिक भवन निर्माण | १४५०००। |

| | |
|---|---|
| अनियमित भएको | ४८,८२,९७० |

१२ **अवकास कोष-**

१२.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका

लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु १,५०,००,०००।- विनियोजन गरी कोषमा जम्मा गरेको छ। गत वर्षको मौज्दात १२,२२,७६५।- समेत सो कोषबाट रु १,६२,२२,७६५।- खर्च भएको छ। पालिकाले मिति २०७८-५-१६ मा कर्मचारी अवकास (उपदान) सेवा संचालन कार्यविधी, २०७८ जारी गरेको छ। सो कार्यविधी बमोजिम सेवा सुविधा प्रदान गरिएको छ। कर्मचारी समायोजन,२०७५ बमोजिम तत्कालीन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई उपदान,औषधी उपचार,विदा वापतको रकम यसै कोषमार्फत भुक्तानी भएको छ। सोही नियममा स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छैन।

१२.२ **बढी भुक्तानी** – ४।०८०-६-२१ कार्यालय सहयोगी खुसीराम चौधरीलाई उपमहानगरपालिकाले अवकाश पछिको भुक्तानी स्वरुप कर्मचारी कल्याणकारी कोषबाट रु ३३,९३,५२५।- भुक्तानी गरेको छ। निज चौधरीको सेवाबाट अवकास हुँदा मासिक तलब भत्ता रु २९,५५८।- रहेको र सोही रकमबाट प्राप्त हुने सुविधा गणना गर्नुपर्नेमा मासिक रु ३४,५१३.८० को दरले हिसाब गर्दा उपदान,औषधि उपचार र विदाको रकममा रु ३३,९३,५२५।- भुक्तानी भएको छ। खाईपाई आएको मासिक तलब रु २९,५५८।- बाट हिसाब गर्दा सुविधाको रकम २९,०६,२४१।- भुक्तानी दिनुपर्ने हुन्छ। खाईपाई आएको दर भन्दा बढी दर बाट सुविधा भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ४,८७,२८४।- असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८७,२८४ |

१३ **विपद व्यवस्थापन-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वयन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। पालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन ।पालिकाको यो वर्ष विपद र विपद तथा वातावरण तर्फ रु ७६,७२,०००।- खर्च गरेको छ। कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

१४ **वित्तीय समानीकरणबाट चालु खर्च-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष विभिन्न विद्यालयहरुको शिक्षकको तलब, बालविकास केन्द्रका सहजकर्ता,सहयोगी, विद्यालय स्वयं शिक्षक व्यवस्थापन ,विद्यालय सहायक कर्मचारीको पारिश्रमिक लगायत विभिन्न चालु तर्फका खर्च शिर्षकमा रु ९,३७,९०,०००।– बजेट व्यवस्था गरी रु ८,०६,७४,०००।- खर्च गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट तयार गर्नुपर्दछ।

१५ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई धार्मिक तथा सांस्कृतिक संस्था सहायतामा रु २ लाख १० हजार ,अन्य संस्था सहायतामा रु १८ लाख ६० हजार र सामाजिक सुरक्षा तर्फ आर्थिक सहायता रु १३ लाख ६ हजार गरी जम्मा रु ३३ लाख ७६ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१६ **विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१२ विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला, आइसिटी तथा पुस्तकालय स्थापनाका लागि देहाय अनुसार आ.व.को अन्त्यमा विद्यालयलाई निम्नानुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल वमोजिम खरिद तथा प्रयोग गरेको सम्वन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिकाबाट अनुगमन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

| क्र. सं . | विद्यालयको नाम | वापत | रकम |
|---|---|---|---|
| ५६५-२०८१।०३।१८ | आधारभुतविद्यालय, सिमलतारा | विज्ञानप्रयोगशाला | ४९४००० |
| ५७५-२०८१।०३।१९ | आधारभुतविद्यालय, गीठेपानी | पुस्तकालयस्थापना | ६५०००० |
| ४२५-२०८१।०२।२१ | नवोदयबालकल्याण आ.वि. | विज्ञानप्रयोगशाला | ६४९९९२ |
| ४३२-२०८१।०३।१२ | जनजागृति माविलमडरुवा | विज्ञानप्रयोगशाला | ६४९९९२ |
| ६५३-२०८१।०३।२१ | जनता मा विनयागाउ बुका | पुस्तकालयस्थापना | ६५०००० |
| ६६१-२०८१।०३।२३ | श्री सिद्धरत्ननाथ नमूना मा.वि.नारायणपुर | शैक्षिकगुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५००००० |
| ६८१-२०८१।०३।२३ | श्रीआधारभूत विद्यालय हापुर गुर्जे | शैक्षिकगुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| ६९२-२०८१।०३।२४ | श्रीअम्बिकेश्वरी आधारभुत विद्याल | शैक्षिकगुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| जम्मा | | | ४८९३९८४ |

१७ **निःशुल्क सेनेटरी प्याड-**

मानव श्रोत तथा विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। सो कार्यका लागि यो वर्ष रु ९४,१६,०००।- बजेट व्यवस्था रहेको छ। स्थानीय तहले विद्यालयहरुमा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्रामा नियमानुसार खरिद गरी वितरण गर्ने र सो को अनुगमन समेत गर्नुपर्ने अवस्थामा यस वर्ष कार्यक्रमको खर्च भएको छैन। विनियोजित बजेट खर्च नभएको अवस्थामा निर्देशिकाले गरेको व्यवस्था बमोजिम सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्मका छात्रा विद्यार्थीहरुले निःशुल्क सेनेटरी प्राप्त गर्ने अवस्था देखिएन। गत विगत वर्षको मौज्दातबाट विद्यार्थीहरुले प्राप्त हुने अवस्थाको यकिन गरी उपमहानगरपालिकाले खरिद प्रकृयाबाट खरिद गरी तोकिएका छात्राहरुलाई स्यानेटरी प्याड उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ ।

१८ **अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१३,५४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१९ **दिवाखाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ९३ वटा सार्वजनिक विद्यालयहरुका कुल १२८४६ विद्यार्थीहरूलाई दिवा खाजा अनुदान रु. २,८१,६५,०३५.०० निकासा भएकोमा विद्यालयहरुले तोकिए अनुसारको खाजा खुवाए नखुवाएको अनुगमन गर्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,१७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,४०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२० **पाठ्यपुस्तक खरिद**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी अपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गरेकोमा पालिकाले एकैपटक निकासा गरेको छ । पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी बढि निकासा दिएको देहायबमोजिमका विद्यालयको पाठ्यपुस्तक वापतको रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | बढी निकासा |
|---|---|---|
| १ | अम्बिका मा.वि. हर्नोक | ११६१ |
| २ | गंगा मा.वि. रामपुर | २१२२ |
| ९ | सिद्धत्लनाथ मा.वि. नारायणपुर | १४५५० |
| १० | जनजागृती मा.वि. लमडरूवा | १८४८ |
| १५ | वालविकास मा.वि. नयाँवजार | २२१३ |
| २० | अन्तराष्ट्रिय युवा वर्ष मा.वि. | ५२९३ |
| जम्मा | | २७१८७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,९०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,१५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,९८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२,५४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,५२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१६,८४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,०५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,८२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,१८७ |

२१ **इन्स्योर परियोजना**

इन्स्योर परियोजना अन्तरगत आर्थिक वर्ष २०७९।८० मा छनौट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरताअन्तरगत मा.वि. रझेनामा १९ जना प्रशिक्षार्थीलाई पलम्वर विषयमा १६९६ घण्टा (level-2) तालिम सन्चालन भएकोमा निम्नानुसार व्यहोरा देखियो:

क. लक्षित समुहको प्राथमिकिकरणमा सामाजिक रुपले पिछडीएको वर्गको कम्तिमा ६० प्रतिशत र महिला सहभागिता ५५ प्रतिशत हुनुपर्ने व्यवस्था रहेकोमा तोकिए बमोजिम लक्षित समुहको सहभागिता सुनिश्चित भएको देखिएन ।

ख. सामुहिक दुर्घटना बीमा- तालिम कार्यक्रम सञ्चालन २०८० कार्तिक २५ देखि पौष २० सम्म रहेकोमा सामुहिक दुर्घटना बीमा वापत प्रति प्रशिक्षार्थी रु ५०० को दरले बीमा अवधि २०८० मंसिर २१ देखि २०८१ मंसिर २० सम्मको रहेको छ । प्रशिक्षार्थीको तालिम अवधिको लागि तोकिएबमोजिम आवश्यकताको आधारमा गर्नुपर्दछ ।

## २२ **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१६,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,०४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१३,८९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२६,०८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## २३ **बढी ग्रेड भुक्तानी**

शिक्षा नियमावली २०५९ को नियम १०२ मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । शिक्षक किताबखानाको तलव प्रतिवेदन पारित भएबमोजिम शिक्षकको तलव खर्च लेख्नुपर्नेमा पालिकाको श्री सरस्वती मा.वि. काठेकोलका शिक्षक गोमा पौडेल (नियुक्ती मिति २०७६।०१।१३)लाई २०८० बैशाखदेखि लागुहुने गरी शिक्षक कितावखानाबाट ३ ग्रेड पास गरेकोमा पालिकाबाट ४ ग्रेड भुक्तानी भएकोले बढी भुक्तानी भएको प्रति ग्रेडको रू १०९७ ले क.सं. कोष सहित फिर्ता गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८२७ |

## २४ **निःशुल्क शिक्षा -**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

## २५ **उपमहानगरपालिका चालु तर्फ-**

२५.१

**विज्ञापन कर** - विज्ञापन नियमन गर्ने ऐन,२०७६ को दफा २१(ख) र प्रथम संशोधन नियमावली,२०८० को नियम ६(क) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल बमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी बोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विज्ञापन बापत रु ३३,९०,०००।– भुक्तानीमा रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले बोर्डमा ३ प्रतिशत रु १,०१,७००।– जम्मा गर्नुपर्दछ। पालिकाले सो वापत जम्मा नगरेकोले असूल गरी सम्बन्धित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,७०० |

२५.२ **फरक शिर्षक**-आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा जुन कार्यक्रममा स्वीकृत रकम हो सोही कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले छपाई तथा पत्रपत्रिका शिर्षकबाट कार्यालय सामानमा रु ५४,५७५।- खर्च गरेकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५४,५७५ |

२५.३ परामर्शदाताबाट कार्य -३०३४।०८१-२-३१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्शदाताबाट कार्य गराउन परेमा कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने,परामर्शदाताले सार्वजनिक निकायलाई कुनै ज्ञान वा सीप हस्तान्तरण गर्नुपर्ने भए सो सम्बन्धी विवरण तयार गरी कार्य गराउनु पर्ने व्यवस्था छ। उपमहानगरपालिकाले वालमैत्री स्थितिपत्र तयार स्वरुप बालमैत्री विज्ञलाई परामर्श स्वरुप रु २,००,०००।- भुक्तानी गरेको छ। पालिकाको स्वीकृत कार्यक्रमहरु शाखामा उपलब्ध जनशक्तिबाट हुन नसक्ने अवस्थामा नियमावलीले उल्लेख गरेको व्यवस्था बमोजिम प्रकृया पूरा गरी परामर्शदाताबाट गराउनु पर्दछ। उपर्युक्त कार्य बालमैत्री स्थितिपत्र तयार गर्नुको आवश्यकता र उपयोगिता तथा पालिकाको जनशक्तिबाट गर्न सकिने नसकिने पहिचान नगरी भएको खर्च तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

२५.४ स्वयम सेविकाहरुको विदाई वापत भुक्तानी – संघीय सरकारको स्वीकृत कार्यक्रम बमोजिम ६० वर्ष पुरा गरेका महिला स्वयम सेविकालाई प्रोत्साहन स्वरुप रु २००००।प्रति व्यक्ति सुविधा प्रदान गरि विदा गर्ने कार्यक्रम रहेको छ। पालिकाले सो वमोजिम ४२ जनालाई प्रतिव्यक्ति रु २००००। प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा प्रदेश सरकारबाट समेत प्रतिव्यक्ति रु ५००००। का दरले अवकास पश्चात प्रोत्साहन भत्ता भुक्तानी भएको छ। सो अवस्थामा पुनःपालिकाले ४२ जना स्वयम सेविकाहरुको प्रतिव्यति रु २४,०००।- थप गरी रु १०,०८,०००।- खर्च गरेको छ। एउटै शिर्षकमा संघ र प्रदेशले भुक्तानी दिएको अवस्थामा स्थानीय तहले बजेट तर्जुमा गर्दाकै समयमा पुर्नविचार गर्नुपर्ने देखिन्छ।

२५.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५८,२१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५.६ मानव सेवा आश्रमलाई अनुदान - ३४३।०८०-७-१४ पालिकाले वेवारिसे मानव व्यवस्थापनका लागि मानव सेवा आश्रम तथा सेवा घर अनुदान कार्यक्रमबाट मानव कल्याण समाजलाई रु ८,००,०००।-पेश्की दिएको छ। पेश्की रकम मिति २०८१-३-३१ मा फछ्यौंट गर्दा रु ७,९५,५८०।- को मात्र विल भरपाई रहेकोले विल भरपाई नभएको रु ४,४१९।- असूल गर्नुपर्ने तथा मानव कल्याण समाजले पेश गरेको विल भरपाईमा रु २,८१,०७७।- को सामान खरिद विल २०८१-३-२६ का ५ थान, रु १,००,१२०।- , २०८१-३-१८ का २ थान र रु ९४,००४।-२०८१-३-१३।को २ थान विलहरु एउटै/एउटै मितिका संलग्न गरी रु ४,७५,२०१।- वराबरको खर्च भुक्तानी भएको छ। मानव कल्याण समाजले पेश गरेको सो विलहरु एउटै पसल आचार्य संजिव एण्ड संञ्जय व्रदर्शको रहेको कारण खरिद कार्यमा सुनिश्चित हुन नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,७५,२०१ |

२५.७ कर कट्टा गर्नुपर्ने – २५३२।०८१-२-४ आयकर ऐन, २०५८ को दफा २ मा सामाजिक तथा सामुदायिक सेवा गर्ने गरी नाफा कमाउने उद्देश्यले गठन भएको सामाजिक संस्थाले कर नलाग्ने कार्य गरेमा कर छुट हुने व्यवस्था छ। उपमहानगरपालिकाले आँखा उज्यालो कार्यक्रम अन्तर्गत आँखा रोग मोतिविन्दुको निःशुल्क अपरेसन कार्यक्रमबाट राप्ती आँखा अस्पताल,तुल्सिपुरलाई रु १०,२४,०००।- भुक्तानी गरेको छ। पालिका भित्रका आँखा रोग मोतिविन्दुको अपरेशन गरेको प्रतिव्यक्ति रु ८,०००।- का दरले १२८ जना बरावरको रकम भुक्तानी भएको छ। राप्ती आँखा अस्पताल नाफा कमाउने संस्था नभएको कुनै आधार प्रमाण नभएको,नेपाल नेत्र ज्योती संघ संग आवद्ध भएको देखिएको अवस्थामा सो संस्थाले २०७३ सालदेखि आय-व्यय विवरण नबुझाएको (नन फाइलर आयकर तर्फ) अवस्था छ। राप्ती आँखा अस्पताल स्वयं कर छुट प्राप्त संस्था नदेखिएकोले सो भुक्तानीमा १५ प्रतिशतले हुने रु १,५३,६००।-अग्रिम आयकर असूल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,६०० |

२५.८ स्वयंसेवक शिक्षक- उपमहानगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अभाव रहेको न्यून शिक्षक दरबन्दीका कारण पठनपाठनमा समस्या रहेको, विद्यालयको शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्न लगायतका विषय सम्बोधन गर्न पालिकाले घोराही उपमहानगरपालिकाको शिक्षा ऐन,२०७५ अन्तर्गत स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी, २०८० मिति २०८०-५-२६ मा पालिकाबाट स्वीकृत गरेको छ। नगर शिक्षा समितिको २०८०।७।१५ गते को बैठकबाट स्वयं सेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी, २०८० बमोजिम स्वयं सेवक शिक्षकको कोटा वितरण गर्ने निर्णय गरेको छ।उपमहानगरपालिकाले स्वयं सेवक शिक्षक व्यवस्थापन शिर्षकमा रु १ करोड को बजेट व्यवस्था गरी रु ६९,५५,०००।- खर्च गरेको छ। स्वयं सेवक शिक्षक नियुक्त गर्दा विद्यालयको विद्यार्थी संख्या र शिक्षक विद्यार्थी अनुपातको विश्लेषण नगरी शिक्षक नियुक्त गरेको छ। शिक्षक विद्यार्थीको अनुपातको आधारमा वढी शिक्षक भएको विद्यालयबाट दरबन्दी मिलान गर्नुपर्ने, विद्यार्थी कम भएको विद्यालय समायोजन गर्नुपर्ने हुन्छ। उपमहानगरपालिकाको विवरण वमोजिम शिक्षक विद्यार्थी अनुपात न्यून भएका विद्यालयमा समेत स्वयं सेवक शिक्षक नियुक्त भएको छ। उपमहानगरपालिकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालय समायोजन गरी आवश्यकताको आधारमा खर्च गर्नुपर्दछ।

२५.९ वडागत सरसफाई व्यवस्थापन खर्च- संघीय सरकारको स्वीकृत दरवन्दी तथा उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) गरी वडागत कर्मचारी व्यवस्थापन गरी तलब भत्ता तथा व्यवस्थापन खर्च (कार्यालय संचालन खर्च) भुक्तानी भएको छ। वडा कार्यालय हरुमा कार्यालय सरसफाईको लागि कार्यालय सहयोगी कार्यरत रहेको अवस्थामा उपमहानगरपालिकाले वडा सरसफाई व्यवस्थापन खर्च स्वरुप पुनः केही वडाहरुमा रु २०,८६,६८०।- भुक्तानी भएको छ। वडा कार्यालय संचालन खर्च तथा वडा कार्यालय कर्मचारी खर्च भएको अवस्थामा वडाहरुले दोहोरो हुने गरी भएको खर्च नियमित खर्च नभएको रु

| | |
|---|---|
| अनियमित भएको | २०,८६,६८० |

२५.१० विद्यालय संचालन अनुदान- संघीय सरकार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत विद्यालय संचालन तथा व्यवस्थापन अनुदान वापत रकम निकासा भएको हुन्छ। सो कार्यक्रम अन्तर्गत स्थानीय तहले विद्यालय संचालनको अवस्था यकिन गरी विद्यालय संचालन तथा व्यवस्थापन अनुदानमा स्वीकृत रकम बाँडफाँड गरी विद्यालयलाई अनुदान दिएको अवस्था छ।सो कार्यक्रम कार्यान्वियन निर्देशिका बमोजिम निकासा गएको अवस्थामा उपमहानगरपालिकाको वडागत रुपमा आन्तरिक चालु तर्फबाट विद्यालयहरुलाई दोहोरो हुने गरी विद्यालय संचालन स्वरुप रु ३०,४३,५०८।- निकासा दिएको छ। विद्यालय र विद्यार्थी संख्या तथा संचालन अनुदान दिनुपर्ने कारण तथा अवस्था यकिन नगरी निकासा दिएको खर्च नियमित खर्च नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,४३,५०८ |

२६ **आन्तरिक आयतर्फ-**

२६.१ आय –उपमहानगरपालिकाले यो वर्ष आन्तरिक आय स्वरुप रु ३४,६७,८१,७४४।- प्राप्त गरेको छ।प्राप्त रकम मध्ये मालपोत रजिस्ट्रेशन रु १४,८५,००,०००।-र लागत सहभागिताको रकम रु १,४५,५८,२३६।- कट्टा गर्दा उपमहानगरपालिकाको खुद आन्तरिक आय रु १८,३७,२३,५०७।- रहेको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

२६.२ **नगर निर्मित ताल** –उपमहानगरपालिकाको विवरण वमोजिम उपमहानगरपालिकाको क्षेत्र भित्र ४३ वटा ताल रहेको सो तालमा माछा पालन भएको,गत वर्ष (०७९।०८०) १,००,०००।– भुराहरु वितरण गरेको गत वर्षको प्रतिवेदनमा उल्लेख गरेको छ। फिल्ड भिजिटमा समेत पोखरीमा माछा रहेको अवस्था छ। सो माछा विक्री वितरण गरी सो को आय प्राप्त गरेको छैन।

२६.३ **राजश्व असूली**- यस उपमहानगरपालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः-

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | यसबर्षको असुली | गतवर्षको असुली | घटि/ बढी |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २२७३७२४५.५२ | १६९९०३६३.४ | ५७४६८८२.१२ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १८६७३३३२.२७ | १५०२७४४४.३२ | ३६४५८८७.९५ |
| ३ | ११३१७ | वहाल कर | ३१६०३८५२.३७ | २००८१३७१.११ | ११५२२४८१.२६ |
| ४ | ११३१८ | वहाल विटौरी कर | ६२२३६७८.७५ | २८१९१७०. | ३४०४५०८.७५ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १०६५५०. | ८६५२०. | २००३०. |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४८५००. | ०. | ४८५००. |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ३६००. | ०. | ३६००. |
| ८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५७७०९९. | ०. | ५७७०९९. |
| ९ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १४५८३९७.२६ | २४०७४७७.६८ | -९४९०८०.४२ |
| १० | ११६९१ | अन्य कर | ३१७०९२.२९ | ४३६३५८०.८४ | -४०४६४८८.५५ |
| ११ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १६१६७८.२२ | १९४२१७९३. | -१९२६०११४.७८ |
| १२ | १४२१८ | विद्युत सेवा शुल्क | ८१७२. | ०. | ८१७२. |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २९२९९२८१.२ | ९४६०१७३.२७ | १९८३९१०७.९३ |
| १४ | १४२२१ | न्यायिक दस्तूर | २१०४०. | ०. | २१०४०. |
| १५ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५८१९००. | ९५४२५०. | -३७२३५०. |
| १६ | १४२२४ | परीक्षा शुल्क | ७५५२४०. | ०. | ७५५२४०. |
| १७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७१५५६६. | ०. | ७१५५६६. |
| १८ | १४२४२ | नक्सापास दस्तुर | ६४२५६५४.५४ | ५९७४३०४.८८ | ४५१३४९.६६ |
| १९ | १४२४३ | सिफारिश दस्तुर | ३२१५६२२०.२ | २४३६२०२१.८९ | ७७९४१९८.३१ |
| २० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १७५००. | ०. | १७५००. |
| २१ | १४२४५ | नाता प्रमाणित दस्तुर | २१५६१०. | ७६३००. | १३९३१०. |
| २२ | १४२४९ | अन्य दस्तुर | १६४४२०२.३१ | ०. | १६४४२०२.३१ |
| २३ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२९९१०. | ०. | १२९९१०. |
| २४ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ६४०. | ०. | ६४०. |
| २५ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ३४५६९२.३६ | ४९३४१. | २९६३५१.३६ |
| २६ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ६१७९८०.४८ | ३२३८२१.३५ | २९४१५९.१३ |
| २७ | १४३१३ | धरौटी सदरस्याहा | ०. | ०. | ०. |
| २८ | १४५२९ | अन्य राजस्व | ८३९६१६१.८४ | १२७७५१८६.८३ | -४३७९०२४.९९ |
| २९ | १४६११ | व्यवसाय कर | १५५५५५९२.६६ | १७११६७८६.६९ | -१५६११९४.०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | १५१११ | बेरूजू | ७११८५४.१५ | ०. | ७११८५४.१५ |
| जम्मा | | | १७९५०९२४३.४२ | १५२२८९९०६.२६ | २७२१९३३७.१६ |

पालिकाको आ.व. २०७९।८० को तुलनामा आ.व. २०८०।८१ मा २,७२,१९,३३७.१६ अर्थात १७.८७ प्रतिशत राजस्व बढेको देखिन्छ ।

२६.४ व्यवसाय नविकरण नभएको –आर्थिक वर्ष २०८०।८१ सम्म दर्ता भएका १०९३१ व्यवसाय मध्ये ०८०।८१ मा नविकरण नभएका ३०१ व्यवसाय रहेका छन्। व्यवसाय नविकरण नभएकाको अनुगमन गरी नविकरण गर्ने तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

२६.५ आ.व. ०८०।८१ मा खारेज भएका तथा नविकरण नभएका व्यवसायिक संस्थाको विवरण प्राप्त हुन आएन।

२६.६ अटो व्यवसायी (तीन पाँग्रे) – अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ५ (क) मा सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने,तर टाँगा,रिक्सा,अटो रिक्सा र विद्युति रिक्सामा सवारी साधन करको उपमहानगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ। सो ऐन बमोजिम यस उपमहानगरपालिकाको क्षेत्रभित्रका अटो रिक्सा,विद्युतिय रिक्सामा उपमहानगरपालिकाले व्यवसाय कर लगाउन सक्ने अवस्थामा यो क्षेत्र छुटि रहेको छ।

२६.७ शटर भाडा- उपमहानगरपालिकाको अभिलेख बमोजिम वडा नं १४ मा रहेका सरकारी सटर हरुको रु २,७८,००३।- भाडा उठ्न बाँकी रहेकोले उपमहानगरपालिकाले पहल गरी जरिवाना सहित बक्यौता रकम उठाउनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७८,००३ |

२६.८ लगबुक नभएको –उपमहानगरपालिका सँग रहेका डोजर,लोडर,ट्याक्टर,सक्सन ट्याङ्क लगायतका हेभि मेशिन भाडामा गर्दा केही भाडा स्वरुप रकम अन्य राजश्वमा प्राप्त भएको छ। हेभी मेशिनहरु कार्यालय भन्दा वाहिर गएको र आएको लगबुकको आधारमा प्राप्त आम्दानी भिडान हुने गरी लगबुक तथा आम्दानीको विवरण राखेको छैन। भाडामा जाने रोलर,ग्रेडर लगायतको लगबुक प्रस्ट सँग राखी आफ्नो आय विवरण यकिन गर्नुपर्दछ।यस वर्ष लोडर,एक्साभेटर,ग्रेडर लगायत हेभी मेशिन मर्मत खर्चमा रु २६,४५,२३३।- खर्च गरेको छ।

२६.९ ( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५५७,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७ **निःशुल्क उपचार सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ११ जनाको लागि रु ६,६०,०००।- खर्च भएको व्यहोरा निम्नानुसार

देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | मासिक रु | वार्षिक रकम रु |
|---|---|---|---|---|
| १ | क्यान्सर | ९ | ५००० | ५४०००० |
| २ | मृगौला डाईलाइसिस | २ | ५००० | १२०००० |
| | **जम्मा** | ११ | ५००० | ६६०००० |

२८ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।गो.भौ.नं. ३६१ मिति २०८१।०१।०२ बाट पालिकाको गतबर्षको मौज्दात स्टकमा नरहेकोमा यसवर्ष बर्थिङ सेन्टरका लागि ७०० थानको रु. ४२७१४०.०० मा खरिद गरेकोमा ३१८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ३८२ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या पालिकाको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट र पालिकास्तरीय बजेटबाट औषधि र उपकरण खरिद गरी विभिन्न फर्मलाई रु. ३३,९९,०१५।- भुक्तानी दिएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३० **कृषि तथा पशु अनुदान** -

३०.१ कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २३९४ जनाको लागि रु ३०,४३,६२४।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

३०.२ **कृषि तर्फका सम्पूर्ण अनुदान**-

| कार्यक्रम हरुको नाम | अनुदान प्राप्त गर्ने संस्था/व्यक्ति | लाभान्वित संख्या | बिनियोजन बजेट रु |
|---|---|---|---|
| प्याजको विउ बितरण ५० % | बिभिन्न कृषक तथा कृषक समुह | ४०० | १००००० |
| तरकारी कम्पोजिट पाकेट वीउ वितरण १०० % | कृषक/कृषक सहकारी/कृषक समुह | ६८० | १९७२०० |
| विज बृद्धी गर्ने कृषक समुह/कृषि सहकारीहरुलाई अनुदानमा मुल वीउ वितरण ढुवानी समेत (धान गहु मकै ) | कृषि सहकारि | ४ | ६००५० |
| आकश्मिक वाली संरक्षण सेवा | कृषक कृषक समुह | १००० | २००००० |
| कोल्ड स्टोरमा आलू तथा तरकारी राख्ने कृषकहरुलाई कोल्ड स्टोर भाडामा ५० % अनुदान | कृषक | १८ | १५२०० |
| कृषि विकास सहायता कार्यक्रम (कृषक कृषकसमुह तथा कृषि फर्महरु) फलाम स्टकचर प्लाष्टीक टनेल/ पराल काट्ने ईलेक्टीक च्यपकटर/कर्न सेलर/ स्प्रेयर टकी | पराल काट्ने च्यापकटर मेसिन<br>कर्न सेलर/स्पेयर टंकी<br>प्लाष्टीक टनेल | ३<br>१<br>१ | २५०००० |
| साना सिचाई निर्माण अनुदान (पाईप मोटर पम्पिङ्गसेट खरिद/स्यालो ट्युवेल ईनार कुवा मर्मत सम्भार निर्माण आदि) ८५% अनुदान वितरण कार्यक्रम | कृषक समुह/ सहकारी | ६ | १०००००० |
| साना सिचाई निर्माण अनुदान (पाईप मोटर पम्पिङ्गसेट खरिद/स्यालो ट्युवेल ईनार कुवा मर्मत सम्भार निर्माण आदि) ५०% वितरण कार्यक्रम **(प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम)** | कृषक/कृषक समुह | १५ | २९७२२१ |
| कृषि जैविक विविधता संरक्षण कार्यक्रम**(संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम)** | कृषक/ कृषक समुह/कृषक सहकारी | १ | १००००० |
| खाद्यान्न वालिको उन्नत वीउ उपयोगमा अनुदान (धान गहुँ) **(संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम)** | कृषक/ कृषक समुह/ | २१० | ६०००० |
| जम्मा | | | २२७९६७१ |

३०.३

| पशुपन्छी तर्फको अनुदान – | | | |
|---|---|---|---|
| क्र.स. | कार्यक्रमको नाम | ब्यक्ति सख्या | रकम रु हजारमा |
| १ | विदेशबाट फर्किएका युवा/युवती लक्षित मागमा आधारित | | |
| | ५०% सहकार्यमा ईलेक्ट्रीक च्यापकटर | ७ जना | १४६८९५। |
| २ | सहकार्यमा मुत्र संकलन सहितको गाई/भैँसीको भकारो सुधार कार्यक्रम | ७ जना | २०७५९३। |
| ३ | मुक्त कम्लरी समुहमा कुखुरापालन स्थलगत तालिम र ६ हप्ते नि:शुल्क कुखुरा चल्ला वितरण कार्यक्रम | २४ जना | १६६९५०। |
| ४ | संघिय सरकारबाट हस्तान्तरीत (सशर्त अनुदान) घाँस बिस्तार कार्यक्रम | ७ जना | ५५६३६। |
| ५ | ०७९/८०मा गठन भएको बाख्रा पालन/बंगुरपालन समुहमा १० गोटा खोर सुधार कार्यक्रम वडा.नं.१ र ७ | | |
| ६ | सामुदायीक बाख्रा पालन समुह तर्फ सुनौलो बंगुरपालन समुह | ५ जना | १०००००। |
| | सुनौलो बंगुरपालन समुहमा | ५ जना | ८६८७९.५६। |
| | **जम्मा रु** | | **७६३९५३.५६** |

## ३१ नमुना विद्यालयतर्फ -

३१.१ नमुना विद्यालय-कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ बमोजिम केन्द्रबाट छनौट भएका विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन तर्फ वाल मन्दिर आ.वि लाई ७५,००,०००।- निकासा गएको छ। भवन निर्माण कार्य रु ६१,६७,३६८।- (भ्याट समेत) मा सम्पन्न गर्ने गरी एम्विसन मल्टि पर्पोज कम्पनी प्रा. लि. संग सम्झौता भई कार्य भएको छ। दोश्रो तथा अन्तिम विलसम्म रु ६२,४२,०२८।- (सूचना तथा मसलन्द समेत) खर्च भएकोमा भवनको डी.पी.सी.सम्मको मात्र कार्य भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छ-

३१.२ **कर रकम दाखिला नभएको-** भवन निर्माण कार्यको प्रथम र दोश्रो तथा अन्तिम विलबाट कट्टा भएको देहाय वमोजिमको मूल्य अभिवृद्धि कर र धरौटी बराबर रु ४,८१,११६।- सम्बन्धित खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने रु

| विवरण | रकम रु |
|---|---|
| मूल्य अभिवृद्धि कर | २०९०९९ |
| धरौटी | २७२०१७ |
| जम्मा | ४८१११६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८१,११६ |

३१.३ गुणस्तर परीक्षण प्रतिवेदन - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।प्रथम र दोश्रो तथा अन्तिम विलमा प्रयोग भएको ४२८५३ के.जी. डण्डीको रु २०,९६,०७४।- बराबरको गुणस्तर परीक्षण प्रतिवेदन पेश नभएकोले गुणस्तर परीक्षण प्रतिवेदन लिएर काम गराउनु पर्दछ ।

३१.४ बचत रकम बाट कार्य- स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वोलपत्रको माध्यमबाट ठेक्का सम्झौता भई कार्य भएको अवस्थामा वचत रकम जुन शिर्षक। श्रोतको हो सोही श्रोतमा फिर्ता गर्नुपर्दछ। विद्यालयको भवन निर्माण तर्फ वचत हुन गएको रु १२,६६,१६५।- संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा पुरानो भवन तर्फ माटो फिलिङ कार्यमा रु

२,७८,२६७।- र नयाँ भवनको PCC, माटो फिलिङ लगायतको कार्यमा रु ९,८७,८९८।- दुई पाटीबाट कार्य गराई खर्च गरेको छ। विद्यालय भवनको मूल ठेक्का सम्पन्न भएको र बाँकी रकम नियमानुसार सिलवन्दी दरभाउपत्रबाट गर्नुपर्नेमा सोझै कार्य गरेको रु र

| अनियमित भएको | १२,६६,१६५ |
|---|---|

## ३२ प्रदेश समपुरक –

**बढी रकम व्यहोरेको-** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रदेश सरकारबाट हस्तान्तरित (समपूरक) कार्यक्रममा प्रदेश तथा उपमहानगरपालिकाको वराबर श्रोतको आधारमा खरिद सम्झौता कार्यान्वियन गर्नुपर्दछ। उपमहानगरपालिकाले देहाय वमोजिमका निर्माण कार्यमा प्रदेश तर्फको मात्र खर्च व्यहोरेको कारण प्रदेश तर्फ बढी खर्च हुन पुगेको रकम रु ४९,७९,८०८।- प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने रु

| **कार्यक्रम** | **यस वर्षको कूल खर्च** | **प्रदेश तर्फ हुने खर्च** | **बढी खर्च** |
|---|---|---|---|
| वडा नं १७ को भैंसाही चोकदेखि वडा नं ४ को वडा कार्यालय सम्म सडक पीच | ५३५११८१ | २६७५५९० | २६७५५९० |
| वडा नं १४ रहेना चोक देखि आर्मी ब्यारेक सम्म सडक पीच | ३१८३७०५ | १५९१८५२ | १५९१८५२ |
| वडा नं ३ लारखर देखि वडा नं ५ कप्तान चोक सम्म सडक पीच | ६५७५२६८ | ३२८७६३४ | ७१२३६६ |
| **जम्मा** | | | **४९७९८०८** |

| असुल गर्नुपर्ने | ४९,७९,८०८ |
|---|---|

## ३३ प्रधानमन्त्री रोजगार कार्यक्रम –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ९२ दिनले ७२४२ दिन रोजगारी उपलव्ध गराई रु ४५,७१,९२६।- श्रमिक ज्याला खर्च गरेको छ। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ३४ अधुरो निर्माण कार्य –

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले कार्यतालिका बमोजिम निर्माण कार्य भए नभएको समय समयमा खरिद सम्झौता कार्यान्वयनको प्रगति तथा गुणस्तरीय कार्य भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ। उपमहानगरपालिका अन्तर्गत देहायका निर्माण कार्य सम्झौताको लामो अवधि सकिदा सम्म न्यून प्रगति भएको देखिन्छ। लामो समयसम्म निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। पालिकाले हर्जाना लगाएको कतिपय निर्माण कार्यमा सो हर्जाना रकम समेत असूल हुन सकेको छैन। समयमा निर्माण सम्पन्न गर्नेतर्फ खरिद सम्झौता भए देखि नै पालिकाको अनुगमन कार्य प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

| निर्माण कार्य | सम्झौता | सम्झौता रकम | ०८०।८१ सम्मको भुक्तानी | कार्य प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| खैरा कोटरी सडक | २०७८-१०-७ | १०२१३०४३ | १०८४३८० | १० |
| वडा नं १० को स्वास्थ्य संस्था भवन निर्माण | २०७८-१०-७ | ६४४४१९४ | | रनिङ विल पेश नभएको |
| सौरी थारु गाउँ सडक पीच | २०७८-१-५ | ७१३२४२० | ५१२२०९९ | ७२ |
| कनरिया-दलजित सडक | २०७९-१-६ | ३४३७५९२४ | | ०८०।८१ मा कार्य नभएको |
| वडा नं १७ भैंसाही चोकदेखि वडा नं ४ वडा कार्यालय सम्म सडक पीच | २०८०-२-१७ | ३०८७५६१३ | ९७२३०६४ | ३१.४९ |
| शहिदगेट देखि जिल्ला प्रशासन सम्मको बाटो | २०७७-१०-८ | ११५३४९२४ | ६४७१८४९ | ५६ (०८०।८१ मा कार्य नभएको) |

३५ **डी.पी.आर (DPR) खर्च -**

१७९३।०८१-३-२१ उपमहानगरपालिकाले आवश्यकताको आधारमा र आयोजना संचालन हुने अवस्थामा बजेट विनियोजन गरी कार्यान्वियन ल्याउनुपर्दछ। औद्योगिक ग्रामको डी. पी. आर ह्वाइट हर्स इन्जिनियरिङ सर्भिसेज प्रा.लि. सँग गराई रु १८,५७,५१७।- खर्च भएको छ। सो को प्रतिवेदन पनि प्राप्त भएको अवस्थामा औद्योगिक ग्राम कार्यान्वियनको लागि आर्थिक वर्ष ०८१।८२ मा बजेटको व्यवस्था गरेको छैन। आयोजना कार्यान्वियन नभएको अवस्थामा डी. पी. आर मा भएको खर्च अनावश्यक खर्च हुन जाने देखिन्छ।

३६ **कर समायोजन पेश गर्नुपर्ने** –

वडा नं १९ कट्वा- खोला पलासे हुँदै १९ नं वडा कार्यालय जोड्ने सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई यस वर्ष पहिलो तथा दोश्रो रनिङ विल स्वरुप रु १,०४,७७,२५७।- भुक्तानीमा मू. अ. कर रु ११,९१,८८७।-भुक्तानी भएको छ। ठेक्काको म्याद मिति २०८१-३-३१ सम्म रहेकोमा म्याद थप भएको छैन। निर्माण व्यवसायी नन फाइलर रहेको अवस्थामा निजलाई भुक्तानी भएको मू. अ. कर को ७० प्रतिशतले हुने रु ८,३४,३२१।- को कर समायोजन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,३४,३२१ |

३७ **नियमानुसार विल तयार नगरेको** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६६६,२४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३८ **१५ शैय्याको अस्पताल निर्माण-**

पेश्की कम कट्टा गरेको-संघीय सशर्त तथा एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमबाट निर्माण भएको १५ शैय्याको अस्पताल भवनको कार्यमा छैँठौ रनिङ विलसम्म रु ५,१०,६३,७६८।- भुक्तानी भई ४८ प्रतिशत प्रगति भएको छ। आर्थिक वर्ष ०७७।७८ मा सम्झौता भई निर्माण भै रहेको सो निर्माण कार्य तेश्रो पटक म्याद थप गरी मिति २०८१-१०-३० सम्म ठेक्का अवधि पुगेको छ। निर्माण व्यवसायीसंग भएको सम्झौता बमोजिम निर्माण कार्यमा करिब ५० प्रतिशत कार्य भएको अवस्थामा पेश्की रकम समेत सोही बमोजिम कट्टा हुनुपर्नेमा रु ३,००,०००।- मात्र पेश्की फछ्र्यौट भएको छ। हालसम्म कुल पेश्की रकमको ७० प्रतिशतले हुने रु ३२,८६,०००।- पेश्की कट्टा गर्नुपर्नेमा रु ३,००,०००।- मात्र पेश्की फछ्र्यौट गरेकोले नियमानुसार पेश्की कट्टा नगरी निर्माण व्यवसायीलाई फाइदा पुग्ने गरी कार्य गरेको रु

| | |
|---|---|
| अनियमित भएको | २९,८६,५०० |

३९ **अधुरो कार्य** –

११५।०८१-३-२४ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति बाट कार्य गराउने कार्यविधी बारे स्पष्ट व्यवस्था गरेको छ। उपनियम (३) मा उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल,वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाको सम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने, उपभोक्ता समितिले व्यहोर्ने रकम,कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि आदिको व्यवस्था छ। वडा नं १४ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागत अनुमान रु ३८,५०,०००।- तयार गरी मिति २०८१-२-२७ मा सम्झौता गरी आर्थिक वर्षको अन्तसम्म कार्य सम्पन्न गर्ने गरी भएको कार्यमा लागत अनुमान बमोजिमको कार्य भएको छैन। भवनको RCC ढलान, प्लाष्टर, पेन्टिङ,शौचालय लगायतका कार्यहरु नगरी DPC सम्मको मात्र कार्य गरी रु १४,०९,०१३।- भुक्तानी भएको छ। आर्थिक वर्षको अन्तसम्म रु १४,०९,०१३।- को मात्र कार्य गरी कार्य स्वीकार प्रतिवेदन लिएको र आर्थिक वर्ष ०८१।८२ मा समेत बजेटको व्यवस्था नगरी भवन निर्माण कार्य अधुरो रहने गरी कार्य गराएको अनियमित कार्य रु

| | |
|---|---|
| अनियमित भएको | १४,०९,०१३ |

४० **प्रशासनिक भवन निर्माण-**

४०.१ उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको सम्झौता रकम रु २०,०५,९२,८५२।- (भ्याट समेत) मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८-१-६ मा गौरी-पार्वती-भूसाल-बस्नेत जे.भी. सँग सम्झौता भएको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छ-

४०.२ म्याद थप- कार्यपालिकाको निर्णयले सो निर्माण कार्यको म्याद थप गर्दा म्याद थप गर्नुपर्नाको स्पष्ट कारण उल्लेख गरेको छैन,शुरु ठेक्का अवधि दुई वर्ष रहेकोमा अरु दुई वर्ष म्याद थप भएको छ। आर्थिक वर्ष ०८०।८१ को अन्तसम्म निर्माण कार्यमा २६.५९ प्रतिशत कार्य प्रगति भएको छ।आ.व ०७९।८० मा काम नभएको र निर्माण व्यवसायीको कार्य तालिका अनुसार कार्य नभएको भनि गत वर्षको म ले प प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष समेत म्याद थप गर्ने बाहेक कुनै कार्य भएको छैन ।निर्माण व्यवसायीको ढिलाईको कारणले लामो समयसम्म निर्माण कार्य नगरेको तथा पेश्की ग्यारेन्टीको म्याद सकिसकेको अवस्थामा पालिकाले पेश्की जमानत जफतको लागि बैंकलाई पत्राचार गरेको छ। पेश्की बाँकी रु १,२६,००,०००।- पेश्की रकम असूल भई नआएकोले असूल गरी सम्बन्धित संचित कोष दाखिला गर्नुपर्दछ। खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लेखित अवधिभित्र सम्पन्न नभै बढी समय लागेको छ।निर्माण व्यवसायीको ढिलाईको कारण निर्माण कार्य नभई रहेको अवस्थामा नियमानुसार हर्जाना लगाई म्याद थप गर्नुपर्ने हुन्छ। पालिकाले कार्यपालिकाको मिति २०८१-६-२४ को निर्णयले हर्जाना नलगाई २०८२-३-२० सम्म म्याद थप गरेको छ। समयमा ठेक्काको म्याद माग नगरेको तथा म्याद थपको टिप्पणी मिति २०८१-६-१८ मा उठान भएको कारण निर्माण व्यवसायीलाई हर्जाना लगाई म्याद थप गर्नुपर्नेमा कारण समेत उल्लेख नगरी म्याद थप गरेको छ।समयमा कार्य सम्पन्न गर्ने तर्फ पालिकाले प्रभावकारी अनुगमन कार्य गर्नुपर्दछ। पेश्की जमानत जफतको लागि बैंकलाई पत्राचार गरेको पेश्की बाँकी रु १,२६,००,०००।- पेश्की असूल गरी संचितकोष दाखिला गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४०.२.१ | गौरी_ पार्वती_ वस्नेत _भूसाल जे. भी | १२,६००,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२६,००,००० |

४०.३ मू.अ.कर समायोजन- निर्माण व्यवसायी गौरी-पार्वती-भूसाल-बस्नेत जे.भी लाई तेश्रो विलसम्म रु ११,६४,२२२।- मूल्य अभिवृद्धिकर भुक्तानी भएकोमा सो पार्टी नन फाइलर रहेको देखिन्छ। निर्माण व्यवसायीलाई भुक्तानी भएको मू.अ.कर रकमको ७० प्रतिशतले हुने रु ८,१४,५५६।- को मू.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१४,५५६ |

४१ **उपमहानगरपालिका पूजीगत-**

४१.१ **खरको छानो विस्थापन कार्यक्रम-** उपमहानगरपालिका अन्तर्गत यस आर्थिक वर्षमा पालिका तथा वडागत म्याचिङ फण्डको रुपमा समेत गरी खरको छानो विस्थापन कार्यक्रमको लागि रु ७४,५३,३१४।- भुक्तानी भएको छ। १५० घरधुरी लाभग्राहीको लागि रकम भुक्तानी भएकोमा रु १२०,०००।- बराबर ४ घरधुरीको कार्यसम्पन्न पेश गर्नुपर्ने रु

| क्र.सं. | परिवारको नाम | रकम रू |
|---|---|---|
| १ | दिल बहादुर घर्ति मगर | ३०,००० |
| २ | गिरीराज घर्ति | ३०,००० |
| ३ | पार्वता थापा | ३०,००० |
| ४ | सोमाली थारु | ३०,००० |
| **जम्मा** | | **१२००००।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

४१.२ **सुरक्षित नागरिक आवास कार्यक्रम-** स्वीकृत कार्यक्रम बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस वर्ष रु ८९,०५,०००।- भुक्तानी भएको छ। आर्थिक वर्षको अन्तमा मिति २०८१-३-२४ गते ८४ घर परिवारलाई रु ४५,०००।- को दरले प्रथम किस्ता स्वरुप रु ३७,८०,०००।- भुक्तानी दिएकोमा सो को कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र सं | घरवालाको नाम | वडा नं | रकम रू |
|---|---|---|---|
| १ | डम्मी बिक | ११ | ४५,००० |
| २ | चन्द्र बहादुर कामी | ११ | ४५,००० |
| ३ | सुनिता कामी | ११ | ४५,००० |
| ४ | सिता बिक | ११ | ४५,००० |
| ५ | तारा बहादुर बिक | ११ | ४५,००० |
| ६ | कृष्ण बिक | ११ | ४५,००० |
| ७ | हिमालय चौधरी | ७ | ४५,००० |
| ८ | विरेन्द्र चौधरी | ७ | ४५,००० |
| ९ | केशरी कुमारी चौधरी | ७ | ४५,००० |
| १० | बिमला शाह | ७ | ४५,००० |
| ११ | कल्पना घर्ती | ७ | ४५,००० |
| १२ | रिता विश्वकर्मा | ७ | ४५,००० |
| १३ | शिव प्रसाद चौधरी | ७ | ४५,००० |
| १४ | पुण्य प्रसाद चौधरी | ७ | ४५,००० |
| १५ | खड्क बहादुर चौधरी | ७ | ४५,००० |
| १६ | राम कुमार चौधरी | ७ | ४५,००० |
| १७ | सरिता चौधरी | ७ | ४५,००० |
| १८ | देवा चौधरी | ७ | ४५,००० |
| १९ | पुनाराम चौधरी | ७ | ४५,००० |
| २० | फिरा कुमारी चौधरी | ७ | ४५,००० |
| २१ | आशा चौधरी | १६ | ४५,००० |
| २२ | सिता चौधरी | १६ | ४५,००० |
| २३ | बन्धुराम चौधरी | १६ | ४५,००० |
| २४ | हरी प्रसाद चौधरी | १६ | ४५,००० |
| २५ | उर्मिला चौधरी | १६ | ४५,००० |
| २६ | बिसन लाल चौधरी | १६ | ४५,००० |
| २७ | सबिना थरुनी | १६ | ४५,००० |
| २८ | सत्य नारायण चौधरी | १६ | ४५,००० |
| २९ | विश्राम थारु | १६ | ४५,००० |
| ३० | रुमाली थरुनी | १६ | ४५,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | अनु चौधरी | १६ | ४५,००० |
| ३२ | फुलबारी चौधरी | १६ | ४५,००० |
| ३३ | चन्द्र लाल थारू | १६ | ४५,००० |
| ३४ | कर्ण बहादुर थारू | १६ | ४५,००० |
| ३५ | सुनिता चौधरी | १६ | ४५,००० |
| ३६ | राधा कुमारी चौधरी | १६ | ४५,००० |
| ३७ | सरु थरुनी | ९ | ४५,००० |
| ३८ | गिता नेपाली | ९ | ४५,००० |
| ३९ | छनक कुमारी चौधरी | ९ | ४५,००० |
| ४० | निशा चौधरी | ९ | ४५,००० |
| ४१ | फुलराम थारु | ९ | ४५,००० |
| ४२ | कमल चौधरी | ९ | ४५,००० |
| ४३ | बहादुर चौधरी | ९ | ४५,००० |
| ४४ | सुशिला चौधरी | ९ | ४५,००० |
| ४५ | किरण वली | १९ | ४५,००० |
| ४६ | फन बहादुर पुन मगर | १९ | ४५,००० |
| ४७ | मिना कुमारी पुन मगर | १९ | ४५,००० |
| ४८ | निम बहादुर पुन | १९ | ४५,००० |
| ४९ | छम बहादुर रावत छेत्री | १९ | ४५,००० |
| ५० | मन्जली पुन | १९ | ४५,००० |
| ५१ | जगु प्रसाद राना मगर | १९ | ४५,००० |
| ५२ | कर्मराज पुन | १९ | ४५,००० |
| ५३ | टोप बहादुर राना मगर | १९ | ४५,००० |
| ५४ | यम बहादुर सार्की | १९ | ४५,००० |
| ५५ | यम बहादुर घर्ति मगर | १९ | ४५,००० |
| ५६ | सर्मिला थापा मगर | १९ | ४५,००० |
| ५७ | दिपक थापा मगर | १९ | ४५,००० |
| ५८ | निम बहादुर थापा | १९ | ४५,००० |
| ५९ | गिरा कुमारी थापा मगर | १९ | ४५,००० |
| ६० | बिस्नी कुमारी थापा छेत्री | १९ | ४५,००० |
| ६१ | खिमा घर्ती | १९ | ४५,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ६२ | गंगा बहादुर पुन मगर | १९ | ४५,००० |
| ६३ | चोक बहादुर पुन | १९ | ४५,००० |
| ६४ | तिलासरी राना मगर | १९ | ४५,००० |
| ६५ | दुर्पता राना | १९ | ४५,००० |
| ६६ | लिलाधर बिष्ट | १९ | ४५,००० |
| ६७ | वेग बहादुर पुन मगर | १९ | ४५,००० |
| ६८ | सौरे कामी | १९ | ४५,००० |
| ६९ | तुलाराम धामी | १९ | ४५,००० |
| ७० | पूर्ण बहादुर विश्वकर्मा | १९ | ४५,००० |
| ७१ | हिरा बहादुर दमी | १९ | ४५,००० |
| ७२ | पूर्ण बहादुर घर्ती मगर | १९ | ४५,००० |
| ७३ | पल बहादुर पुन | १९ | ४५,००० |
| ७४ | नर बहादुर दमाई | १९ | ४५,००० |
| ७५ | धन बहादुर पुन | १९ | ४५,००० |
| ७६ | प्रेम बहादुर पुन मगर | १९ | ४५,००० |
| ७७ | खिमा सुवाई मगर | १९ | ४५,००० |
| ७८ | मतिकला घर्ती मगर | १९ | ४५,००० |
| ७९ | लाल बहादुर बुढा मगर | १९ | ४५,००० |
| ८० | केदार घर्ती मगर | १९ | ४५,००० |
| ८१ | अमृता कुमारी घर्ती | १९ | ४५,००० |
| ८२ | आशा पुन मगर | १९ | ४५,००० |
| ८३ | धन बहादुर घर्ती | १९ | ४५,००० |
| ८४ | हर्क बहादुर पुन मगर | १९ | ४५,००० |
| जम्मा | | | **३७,८०,०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,८०,००० |

४२ **फचकपुर –पक्कै –बेरगैं-बचाहा-बेरुवागाउँ हुँदै ववईसम्म सडक स्तरोन्नती कार्य-**

ढिला निर्माण कार्य -वडा नं २ वडा कार्यालय देखि फचकपुर –पक्कै –बेरगैं-बचाहा-बेरुवागाउँ हुँदै ववईसम्म सडक स्तरोन्नती कार्यको लागि मिति २०८०-६-८ मा रु ८२,८६,७२१.३७ (भ्याट समेत) मा सम्झौता भएको छ। मिति २०८१-३-३१ सम्म म्याद रहेको सो ठेक्कामा ठेक्का अवधि सम्म पहिलो विल मात्र पेश भएको जसबाट २२.१४ प्रतिशत मात्र कार्य भएको छ। निर्माण कार्यको म्याद थप सम्बन्धमा सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२० (क) को आधारमा मिति २०८१-११-३० सम्म म्याद थप भएको छ। ठेक्का सम्झौता भएदेखि हालसम्म एक मात्र रनिङ विल पेश गरेको कारण छिटो कार्य सम्पन्न गर्न पालिकाले प्रभावकारी कदम चाल्नुपर्दछ।

४३ **निर्माण सामाग्री प्रयोगको कार्य सम्पन्न -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएपश्चात सो को कार्य सम्पन्न विवरण पेश गर्नुपर्ने व्यवस्था गरेको छ। उपमहानगरपालिकाले देहायबमोजिमको विद्युत तार, ह्यूम पाइप लगायतका रु ७५,६९,७६१।- वराबरको सामान खरिद गरी वडा कार्यालयहरुमा वुझाएकोमा सो निर्माण सामाग्री कहाँ कहाँ प्रयोग भएको छ सो को कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| **शिर्षक** | **भौ.नं। मिति** | **सामान** | **खरिद प्रक्रिया** | **रकम रु** | **कैफियत** |
|---|---|---|---|---|---|
| न पा पूँजीगत | १३।०८०-५-२९ | विद्युत पोल तार ७४६०० मिटर खरिद | बोलपत्र | ४३८२६५३ | वडा नं ७ ले २८००० मि. वडा नं १३ ले ६०० मि. बुझेको |
| न पा पूँजीगत | ८१।०८०-७-१२ | विद्युत पोल तार | बोलपत्र | १२८७१२६ | ॐ शान्ती ट्रेडर्स |
| न पा पूँजीगत | ८३।०८०-७-१२ | ह्यूम पाइप | बोलपत्र | १८९९९८२ | प्रयास कंक्रिट पोल |
| **जम्मा** | | | | **७५६९७६१** | |

| प्रमाण पेश नगरेको | ७५,६९,७६१ |
|---|---|

४४ **म्याद थप-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप गर्दा काबुवाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा कारण सहित म्याद थप गर्न सकिने व्यवस्था छ। म्याद थप गरेका अधिकांश कार्यको म्याद थप उपमहानगरपालिकाबाट भएको छ। कार्यपालिकाले म्याद थप गर्दा ऐनले गरेको व्यवस्था बमोजिम के कारण ,कसको कारणले काममा ढिलाई भएको लगायतको विश्लेषण नगरी म्याद थप गरेको छ। तोकिएको समयमा विविध कारणले कार्यसम्पन्न गर्न नसकिएको जस्ता कारण उल्लेख गरेको छ। म्याद थप गर्दा ऐनले उल्लेख गरेका विषयमा प्रस्ट उल्लेख गरी म्याद थप गर्नुपर्दछ।

४५ **घोराही चोकदेखी गुलरिया पार्कसम्म सडक निर्माण कार्य -**

४५.१ भेरियशन- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। घोराही चोकदेखी गुलरिया पार्कसम्म सडक निर्माण कार्य मिति २०७९-३-३२ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७८-११-४ मा सम्झौता भएको छ। भेरियशन आदेश माटो कटिङ १४९.५६ प्रतिशत ,Subbase ८५.४२ प्रतिशत र WBM ६८.७७ प्रतिशत परिमाण बढ्ने गरी स्वीकृत गरेको छ। ठूलो परिमाणमा भेरियशन आदेश स्वीकृतिमा नियमावलीले गरेको व्यवस्था वमोजिम के कति कारणबाट भेरियशन गर्नुपरेको कारण उल्लेख गरेको छैन। भेरियशन आदेशबाट सम्झौता अंकमा ४.९६ प्रतिशतले वृद्धि भै सम्झौता अंक रु २,४९,४७,१५३।- (भ्याट समेत) भएको छ।

४५.२ कम हर्जाना कट्टा गरेको- उपमहानगरपालिकाले मिति २०८१-३-८ को निर्णयबाट निर्माण व्यवसायीलाई हर्जाना लगाई मिति २०८१-३-३० सम्म ठेक्काको म्याद थप भएको छ। हर्जाना निर्धारण गर्दा शुरु सम्झौता अंकबाट लगाएको छ। भेरियशन आदेश पछिको सम्झौता अंकको आधारमा नियमानुसार ०.०५ प्रतिशत प्रति दिनको दरले वा ठेक्का अंकको १० प्रतिशतमा नबढ्ने गरी हर्जाना लगाउनुपर्नेमा पालिकाले सम्झौता अंकको १० प्रतिशतका हिसाबले रु २३,१५,५३६।- लगाएको छ। ठेक्का अंक भेरियशन आदेश पछि रु २,४९,४७,१५३।- पुगेको अवस्थामा सो को १० प्रतिशतले रु २४,९४,७१५।- हुनुपर्नेमा रु १,७९,१७९।- कम हर्जाना लगाएकोले नपुग रकम असूल गरी दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १,७९,१७९ |
|---|---|

४५.३ बजेट खर्च कम लेखेको - १९१८।०८१-२४ यस सडक निर्माण कार्यको अन्तिम विल रु १,९२,९८,४८०।- को काम भएको सो सोही बमोजिम बजेट खर्च लेखाङ्कन गर्नुपर्नेमा पालिकाले पेश्की तथा हर्जाना वापतको रकम रु ४३,१५,५३६।- कट्टा गरी बजेट खर्च लेखेको छ। पेश्की तथा हर्जाना वापतको रकम बजेट खर्च नलेख्दा यथार्थ बजेट खर्च नदेखिने तथा निर्माण व्यवसायीले सो बराबरको कर विजक जारी नगर्दा सो रकमको निर्माण व्यवसायीको आयमा नदेखिने कारण आय र तिर्नुपर्ने करमा असर पर्ने देखिन्छ। पालिकाले काम बराबरको बिल उठाई सोही बराबर कर विजक जारी गरी कट्टा गर्नुपर्ने रकम समेत समावेश गरी बजेट खर्च लेख्नुपर्नेमा रु ४३,१५,५३६। बजेट खर्च कम लेखाङ्कन गरेको छ।

४६ **निर्माण कार्यको म्याद थप –**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ मा सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारण वाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अवधि बढाउन सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० क. मा खरिद सम्झौताको अवधि वढाउदा कार्य सम्पादन जमानत,विमा र पेश्की जमानतको समेत नियमानुसार म्याद थप गरी खरिद सम्झौताको म्याद थप गर्न सकिने व्यवस्था छ। उपमहानगरपालिकाले जे जति म्याद थप गर्नुपर्ने अवस्थाका खरिद सम्झौताको म्याद कार्यपालिकाबाट थप गरेको,म्याद थप गर्दा के कति कारणबाट म्याद थप गर्नुपरेको हो सो को व्यहोरा उल्लेख गरेको छैन। देहायका खरिद सम्झौताको कार्य सम्पन्न जमानत,विमा र पेश्की जमानतको म्याद सकिसकेको अवस्थामा नियमानुसार म्याद थप गरेको छैन,निर्माण कार्यको कार्य सम्पन्न पनि भएको छैन। खरिद सम्झौताको अवधि सकिएको,पेश्की जमानतको म्याद सकिएको रु ३०,२९,०००।- को पेश्की असूल गर्नुपर्ने रु

| ठेक्का नं | निर्माण कार्य | ठेक्का अवधि | पेश्की रु | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| ३७।०७९-८० | वडा नं १२ डाँडागाउँ पतैनी हुँदै वडा कार्यालय जाने बाटो | २०८१-३-३१ | २६४००० | आर डी विल्डर्स (RD) |
| ०७९।०८० | वडा नं १७ भैंसाही चोक देखि वडा नं ४ वडा कार्यालय सम्म सडक पीच | २०८१-३-३० | १६२०००० | के.वी. गुरुङ-जे.के.जे.भी. |
| ५।०८०।०८१ | वडा नं १७ गैरागाउँ देखि कर्जाही हुँदै धारापानी सडक पीच | २०८१-३-३१ | ५१५००० | अभिशेक एण्ड अमाश मल्टीपर्पोज |
| ३३।०७९। ०८० | वडा नं को पोखरा हुदै वडा कार्यालयसम्म सडक स्तरोन्नति | २०८१-३-३१ | ६३०००० | स्मृति विशाल कन्स्ट्रक्सन |
| **जम्मा** | | | **३०२९०००** | |

| असुल गर्नुपर्ने | ३०,२९,००० |
|---|---|

४७ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी,निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु ३,६४,५९,३२५।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १२,२९,५१४।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| भौ न ।मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | रकम रु |
|---|---|---|---|
| ३०६। २०८०-११-०१ | वडा नं १४ गोर्खा अस्पताल देखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरोन्नती | नेपाल विद्युत प्राधिकरण घोराही | ५५४७०३ |
| ३०७। २०८०-११-०१ | वडा नं १४ गोर्खा अस्पताल देखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरोन्नती | नेपाल टेलिकम घोराही | २००३२२ |
| ९६९। २०८१-०२-०३ | घोराही १७ लख्वारे कुलोदेखी धर्नासम्म सडक विस्तार तथा पिच | नेपाल विद्युत प्राधिकरण घोराही | ३४४१०२ |
| १२७१। २०८१-०२-२७ | वडा नं १७ कर्जाहीमा रहेको लालमणि पन्तको घरहुँदै दामोदर सडक जोड्ने सडक स्तरोन्नती | नेपाल विद्युत प्राधिकरण घोराही | १३०३८७ |
| **जम्मा** | | | **१२२९५१४** |

| | |
|---|---|
| पेश्की | १२,२९,५१४ |

४८ **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म विभिन्न कार्यक्रमको लागि देहायका पाटीलाई रु.३,५२,२९,८११।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।

| निर्माण कार्य | निर्माण व्यवसायीको नाम | पेश्की रकम |
|---|---|---|
| कनर्रे देखि दल्जितपुर सम्म भैसाही चोक देखि गैरागाउँ हुँदै सर्रा जोड्ने सडकर कट्टुवा खोला संखेपिपल देखि १८ नं वडा कार्यालय हुँदै अम्बिकेशोरी मन्दिर जाने सडक पिच | आर.डि.हाम्रो ( जे.भी .) | २४००००० |
| भैसाह चोकदेखि वडा नं ४ को वडाकार्यालयसम्मसडक पिच | के बीगुरुंग जे-के/ जे भी | २१६०००० |
| घोराही उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण | गौरी पार्वती-भुसाल - बस्नेत जे.भी . | ६५३५००० |
| नगरप्रशासनिक भवन | गौरी पार्वती-भुसाल - बस्नेत जे.भी . | ८०००००० |
| घोराही १० डावर को भमई सोतामा कर्लभर्ट निर्माण | पञ्चकोसीकन्ट्रक्सन प्रा.लि. | १४०००० |
| खैराकोठरी सडक पिच वडा नं ९ | रोयलविल्डर्स | ९००००० |
| सडकबोर्ड झोलुङ्गे पुल र अन्यमा म्याचिङ फन्ड | रोयलविल्डर्स | ४७५००० |
| स्वास्थ्य संस्था भवन निर्माण क्रमागत तथा नयाँ वडा नं ५ ७ ११ र १५ | रोयलविल्डर्स | २५०००० |
| जिल्ला प्रशासन देखि सहिद गेट हुँदै नेपालबैंक सम्म नाला सहित सडक पिच | वेष्टन डेभलपमेन्ट कन्सट्रक्सन | ५००००० |
| सौरीथारु गाउँ बाटो पिच निरन्तरता | वेष्टन डेभलपमेन्ट कन्सट्रक्सन | ३१४००० |
| खिरिटिया देखि ६ नं वडा कार्यालय सम्म सडक पिच वडा नं ६ | श्री बराहक्षेत्र हरी तारा कन्ट्रक्सन जे.भी. | ७०८५०० |
| वडा नं ३ को झिङ्नी चोक देखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरोन्नति | अपरच्युनिटी कन्सट्रक्सन प्रा.लि. | ३७१५०० |
| वडा नं ६ वडाकार्यालय देखि फचकपुर पक्कै बेरंगे बचाहा बेरुवागाउँ हुँदै बबईसम्म सडक स्तरोन्नती | अपरच्युनिटी कन्सट्रक्सन प्रा.लि. | ३६२५०० |
| वडा नं ४ मावि गोग्ली देखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरोन्नति | अपरच्युनिटी कन्सट्रक्सन प्रा.लि. | ३४६५०० |
| वडा नं ३ को झिङ्नी चोक देखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरोन्नति | अपरच्युनिटी कन्सट्रक्सन प्रा.लि. | ३७१५०० |
| वडा नं ४ मावि गोग्ली देखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरोन्नति | अपरच्युनिटी कन्सट्रक्सन प्रा.लि. | ३४६८०० |
| वडा नं ६ वडाकार्यालय देखि फचकपुर पक्कै बेरंगे बचाहा बेरुवागाउँ हुँदै बबईसम्म सडक स्तरोन्नती | अपरच्युनिटीकन्सट्रक्सन प्रा.लि. | ३६२९०० |
| वडा नं १२ डाँडागाउ पतेनी हुँदै वडा कार्यालय जाने बाटो स्तरोन्नती | आर.डि.बिल्डर्स | २६४००० |
| वडा नं १४ रझेना जाने चोकदेखि लक्की | जयपति खनाल कन्सट्रक्सन एण्ड | १२७००० |

| | | |
|---|---|---|
| लामाको घरहुँदै आर्मी व्यारेकसम्म फुटपाथ सहितको नाला सडक स्तरोन्नती | सप्लायर्स प्रा.लि. | |
| वडा नं १५ जिल्ला प्रशासन कार्यालय<br>देखि जेष्ठ नागरिक भवन दिपशिखा चोक गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्मसडकस्तरोन्नती | अंशुमननिर्माण सेवा | ४६८००० |
| वडा नं १४ गोर्खा अस्पतालदेखि मिलन<br>चोकसम्म फुटपाथ नाला सहित सडक<br>सतरोन्नती | रानाब्रदर्श कन्सट्रक्सन प्रा.लि. | ६११००० |
| वडा नं ९ को पोखरा हुँदै वडा<br>कार्यालयसम्म सडक स्तरोन्नती | स्मृतीबिशाल कन्सट्रक्सन सेवा | ६३०००० |
| वडा नं १४ गोर्खा अस्पतालदेखि मिलन<br>चोकसम्म फुटपाथ नाला सहित सडक<br>सतरोन्नती | रानाब्रदर्श कन्सट्रक्सन प्रा.लि. | ५२८००० |
| सडकतथा पुल निर्माण | टि.के.इन्जिनियरिङ राज जे.भी. | ३८१००० |
| वडा नं १४ रझेना जाने चोकदेखि लक्की<br>लामाको घरहुँदै आर्मी व्यारेकसम्म फुटपाथ<br>सहितको नाला सडक स्तरोन्नती | जयपति खनाल कन्सट्रक्सन एण्ड<br>सप्लायर्स प्रा.लि. | ३७७१११ |
| मा.वि.बुकामा कभर्ड हल निर्माण | जे.आर.एस. इन्जिनियरिङ सोलुसन एण्ड कन्सट्रक्सन प्रा.लि. | ६७८००० |
| ध्रुव कुमार श्रेष्ठको घरदेखि पाठक<br>चोकसम्मको सडक स्तरोन्नती वडा नं १५ | शुभकन्सट्रक्सन | ५८७००० |
| १२नं वडा कार्यालयको भवन निर्माण | हाईकुईन्फ्राटेक प्रा.लि. | ३८४५०० |
| वडा नं १३ मंलेरी कृष्ण शाहको घरदेखिपदम महतराको घर हुँदै पिताम्बर केसीकोघरसम्मको सडक स्तरोन्नती | वि एन ग्रुप अफ इन्जिनियरिङ<br>सर्भिस एण्ड कन्सट्रक्सन | ३१२००० |
| वडा नं १७ गैरागाउँदेखि कर्जाही<br>हुँदै धारापानी सडक पिच | अभिशेकएण्ड आभास मल्टिपर्पोज | ५१५००० |
| ध्रुव कुमार श्रेष्ठको घरदेखि पाठक<br>चोकसम्मको सडक स्तरोन्नती वडा नं १५ | शुभकन्सट्रक्सन | ५८७००० |
| १२नं वडा कार्यालयको भवन निर्माण | हाईकुईन्फ्राटेक प्रा.लि. | ५३४००० |
| सडकतथा पुल निर्माण | तिरुपातेनिर्माण सेवा | ५००००० |
| चमैसोतामाकर्लभर्ट निर्माण | के बी जलजला सुनिल जे.भी. | ६६२००० |
| सडकतथा पूल निर्माण | के बीगुरुंग जे-के/ जे भी | ५४०००० |
| सडकतथा पुल निर्माण | पुष्पाञ्जली। पि.एस.जे.भी. | २०००००० |
| जम्मा | | ३५२२९८११ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : घोराही उप महानगरपालिका , घोराही उप-महानगरपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भोज राज घिमिरे | २०७९-६-२६ | २०८०-६-५ |
| कार्यालय प्रमुख | ऋषि राम के.सी. | २०८०-६-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोक मणी शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२,६२५,५५७ | ३१,१५८,१५२ | १५,२६६,००० | ० | ० | १,२२९,५१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७०,२७९,२२३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,४५१,२१५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६७,८२८,००८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २२६२७७६१९.४८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ९७२९७४००९.७७ | चालु खर्च | १०८५६५८६११.५१ |
| प्रदेश सरकारबाट अनुदान | ६६५८४३१८.६३ | पूँजीगत खर्च | ६६०५१३०७२.७२ |
| राजश्व बाँडफाँट | ४११७४५९९९.६७ | वित्तीय/अन्य व्यवस्था | ८१८१६४६०३.४९ |
| आन्तरिक आय | १९८२८१७४४.१ | | |
| अन्य आय | ८२०५८९८८७.०७ | | |
| कुल आय | २४७०१७५९५९.२४ | कुल खर्च | २५६४३३६२८७.७२ |
| बाँकी मौज्दात | | १३२११७२९१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।